# झिमरुक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्युठान
लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्याः २०८२/०८३ मितिः २०८२/११/२६

चलानी नं.: ८१५

श्री वडा कार्यालय (सबै)
झिमरुक गाउँपलिका, प्युठान

**विषयः बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा नेपालको संविधानले मौलिक हकको रुपमा प्रत्याभूत गरेको रोजगारीको हक कार्यान्वयन गर्न जारी भएको रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ र सो सम्बन्धी नियमावली २०७५ को नियम ७ र राष्ट्रिय रोज़गार प्रवर्द्धन कार्यक्रम (संचालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ को दफा १५ र १७ बमोजिम यस झिमरुक गाउँपालिकामा आगामी आ.व. २०८३/०८४ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा संचालित न्युनतम रोजगारी कार्यक्रम तथा रोजगार प्रवर्द्धनसँग सम्बन्धित अन्य कार्यक्रममा संलग्न हुन इच्छुक १८ देखि ५९ बर्ष सम्मका बेरोजगार व्यक्तिहरुले यहि मिति २०८२ चैत्र मसान्त भित्र आफु स्थायी बसोबास गरिरहेको सम्बन्धित वडा कार्यालयमा तोकिए बमोजिमको निवेदनको ढाँचामा तपशिल बमोजिमको कागजात सहित निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
रितपूर्वक नभरिएका निवेदनहरु स्वत: अस्वीकृत हुनेछन्।

**आवश्यक कागजातहरु :-**

१. नेपाली नागरिकताको प्रतिलिपि
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो
३. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, सिप प्रमाणपत्रको प्रतिलिपि
४. अनुभव प्रमाणपत्रको प्रतिलिपि
५. परिवारका सम्पूर्ण सदस्यको निवेदक सँगको नाता, नागरिकता नं., जारी मिति, जारी जिल्ला
६. बसाईसराई गरी आएको भएमा बसाईसराई कागजको प्रतिलिपि

**नोटः** निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय र रोजगार सेवा केन्द्र, झिमरुक गाउपलिकामा उपलब्ध छ। साथै यस गाउँपालिकाको वेबसाइट : https://jhimrukmun.gov.np मा पनि उपलब्ध रहेको छ।

२०८२/११/२६

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत